

# अध्याय –१

## महायुद्धको पछाडि सबै युद्धहरू

यस अध्यायका मूल पदहरूः *प्रकाश १२:७–९, इजकिएल २८:१२–१५, यशैया १४:१२–१४, उत्पत्ति ३:१५, यूहन्ना १७:२४–२६।*

<u>यस अध्यायको मुल सार पदः</u> *"अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन।" प्रकाश १२:७-८।*

यदि परमेश्वर धेरै असल र भलो हुनुहुन्छ र हाम्रो हितैषी हुनुहुन्छ भने संसारमा खराब तत्त्वहरूको विगिविगी किन? प्रेमको परमेश्वरले यस संसारमा धेरै खराब, दुष्ट, आतङ्क जस्ता प्रेमका प्रतिरोधी तत्त्वहरूको अस्तित्व किन छ? धर्मी, असल, सोझो मानिसहरूलाई, आतङ्क, पीडा, खराब वा दुष्ट तत्त्वहरूले किन आक्रमण गर्छन्? युगौ युगदेखि भइरहेको असल र खराबको द्वन्द्व यस अध्यायमा नियाल्नेछौं। स्वर्गमै लुशिफरको विद्रोहको सुरुवातदेखि खराब, पाप, दुष्टको उत्पत्ति कसरी भयो भनेर हामी हेर्नेछौं। त्यस पापको मामिलामा परमेश्वरले देखाउनुभएको धिरजता, सहनशीलता र संयमशीलतालाई पनि हामी खोजनीति गर्दै सिक्नेछौं।

परमेश्वरको प्रेम अविश्वसनीय, अकल्पनीय र अद्‌भुत छ। उहाँ स्वभावैले प्रेम हुनुहुन्छ वा प्रेमिलो हुनुहुन्छ (१ यूहन्ना ४:७,८)। उहाँले जे गर्नुहुन्छ सबै क्रियाकलाप उहाँको प्रेमद्वारा परिचालित भएको हुन्छ(यर्मिया ३१:३)।

प्रेम जबरजस्ती लाद्न सकिँदैन, कसैलाई वाध्य पारेर, बन्दुक देखाएर, दवाएर वा कानुन बनाएर कहिल्यै पनि प्रेम मानिसको हृदयमा रोप्न सकिँदैन। एलेन जी. ह्वाइटले यस मामिलामा यसरी व्यक्त गर्छिन्, "प्रेमले मात्र प्रेमलाई जगाउन सकिन्छ।"- द डिजाएर अभ एजेज, पृ. २२। कुनै व्यक्तिको आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता वा अधिकारको हनन गर्नु भनेकै प्रेम गर्ने सामर्थ्यलाई नाश गर्नु हो। प्रेम गर्ने गुण वा सामर्थ्यलाई नाश गर्नु भनेकै मानिसको जीवनमा सत्य, सुख, शान्ति र खुशीलाई ध्वस्त वा निर्मुल पार्नु हो। परमेश्वर प्रतिको हाम्रो बफादारिता उहाँकै प्रेमले जित्नुहुन्छ। उहाँले असल र खराबको बीचमा भइरहेको महासंग्रामको कारोबार यस्तरी गरिरहनुभएको छ कि त्यस संग्रामको अन्तमा पापले यस जगतमा कहिल्यै पनि शिर उठाउन सक्नेछैन। आफ्ना प्राणीहरूको जहिले पनि उत्तम हित चाहनुहुन्छ भनेर सारा जगत ब्रम्हाण्डको सामु प्रदर्शन गर्ने परमेश्वरको लक्ष्य हो। यस संसारलाई परमेश्वरको प्रेमको चस्माले हेर्न प्रयास गर्नेछौं। असल र खराबको बीचमा भइरहेको महान् वैचारिक द्वन्द्व वा मतभेदको अध्ययन गर्दा अन्तमा आएर जै ठिक वा असल छ त्यसको जित हुनेछ र त्यो जित सदाकाल रहनेछ भनेर हामी प्रत्येक विश्वस्त हुनेछौं।

*(यस अध्याय द ग्रेट कन्त्रोभर्सी, अध्याय २९-३० को आधारमा लेखिएको हो)।*

## १.स्वर्गमा भिषण युद्ध

**प्रकाश १२:७-९ पढ्नुहोस्। स्वर्गमा आत्मनिर्णय वा विवेकको स्वतन्त्रताको अस्तित्व भएको र पापको उत्पत्तिको बारेमा यी पदहरूले कसरी खुलासा गरिएको छ, हेर्नुहोस्। जब लुशिफरले विद्रोह गऱ्यो तब त्यसलाई ठिक पार्न परमेश्वरले कस्ता नीतिहरू अपनाउन सक्नुहुन्थ्यो? हेर्नुहोस्, "अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। त्यो ठूलो अजिङ्गर तल फालियो–त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।" प्रकाश १२:७-९।**

असल र खराबको बीचमा भइरहेको ब्रम्हाण्डिय द्वन्द्वको बारेमा प्रकाश १२:७-९ले चित्रण गर्दछ। सैतान र उसका पक्षमा उभिएका स्वर्गदूतहरूले ख्रीष्टसँग युद्ध छेडेका थिए। त्यस युद्धको क्रममा सैतान पराजित भयो र

तिनीहरूलाई स्वर्गबाट बिस्थापित गराइयो। सिद्ध, सुन्दर, सबै थोकले परिपूर्ण र नैतिक सदगुणहरूले भरिएको स्वर्गमा नै विद्रोह हुनु अत्यन्तै अनौठो त मान्नै पर्छ। त्यस्तो निष्कलङ्क वातावरणमा विद्रोहको घण्टी किन बज्यो? के मायालु परमेश्वरले असुरीय वा दुष्ट स्वर्गदूतहरूलाई नै सृष्टि गर्नुभएको थियो त? अनि ती राक्षसी स्वभाव भएका स्वर्गदूतहरूले स्वर्गमा किन युद्ध छेडियो त? ती स्वर्गदूतहरूमा के घातक दोष, कमी वा गलत चरित्र थियो त जसले गर्दा स्वर्गमा विरोधको आगो सल्किन पुग्यो? यस जगतमा खराब, दुष्ट, बदमासी, पाप र विकृतिको बिज कसरी रोपियो वा सुरु भयो भनेर बाइबलले स्पष्ट रूपमा व्याख्या गरेको छ। असल र खराबको बीचमा भइरहेको पर्दालाई बाइबलले उघार्दछ।

**स्वर्गदूतहरूको नाइके लुशिफरको दिमागमा के चर्किन पुगेको थियो भनेर देहायका पदहरूले कसरी खुलासा गरेको छ, गम्भिर भएर पढ्नुहोस्ः "११ परमप्रभुको यो वचन मकहाँ (इजकिएल) आयोः १२ "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर, र त्यसलाई भन्ः 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः " 'तँ त सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। १३ परमेश्वरको बगैंचा अदनमा तँ थिइस्। हरेक बहुमूल्य पत्थरले तँ सिँगारिएको थिइस्– मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तँ आभूषित थिइस्। तेरा मणिघरहरू सुनले मोहोरिएका थिए, तँ सृजेको दिनमा नै ती तयार पारिएका थिए। १४ अभिभावक (वा नाइके) करूब वा स्वर्गदूत हुनलाई तँ अभिषेक गरिएको थिइस्, किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तँ थिइस्। अग्निमय पत्थरहरूका बीचमा तँ हिँड्थिस्। १५ तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्।" इजकिएल २८:११-१५ र "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" यशैया १४:१२-१४।**

**परमेश्वरले** खराब, दुष्ट र पापलाई सृष्टि गर्नुभएको होइन भनेर बाइबलीय शिक्षा वा दर्शनले स्पष्ट पार्दछ। उहाँले आँखा नै तिरमिराउने चमकदार पोशाकले पहिरिएको सुन्दर लुशिफर नाउँ गरेको जिवलाई सृष्टि

गर्नुभएको थियो। यो स्वर्गको जिव सिद्ध, निष्कलङ्क, पापरहित र सबै पूर्णताले सजिएको थियो। त्यस सिद्ध गरिएर सृष्टि भएको जिवमा आत्मनिर्णय वा विवेकको स्वतन्त्रता थियो। यो परमेश्वरको राज्य शासनको नीति अनुसार थियो जुन वाध्य गराएर वा कर गरेर होइन प्रेमको नीतिले चल्दछ। स्वर्गमै आफ्नो अधिकारको विगिविगी भइरहेको लुशिफरको स्वेच्छाले पापको प्रादुर्भाव भएको थियो। यो सिद्ध र सबै स्वभाव तथा अधिकारले परिपूर्ण भएको लुशिफरको हृदयमा डाहा र घमाण्ड वा अहंको बिऊ कसरी उम्र्यो र उसको सृष्टिकर्ताको खिलाफमा किन विद्रोह गऱ्यो भनेर बुझाउन कुनै पनि तर्कले व्याख्या गर्न सक्दैन।

लुशिफर सृष्टिको रचनाकार होइन तर आफै परमेश्वरको सृष्टि थियो। तर उसमा अहंता बढेकोले सृष्टिकर्ताको मात्रको अधिकार उसले चाहेको थियो। त्यो थियो, उ सबैको स्वामी भएर उसलाई सबैले पूजून् भन्ने अधिकार उसले खोजेको थियो। परमेश्वरको अख्तियार वा अधिकारको प्रश्न गर्दै उसले उहाँको सिंहासनलाई नै आफ्नो बनाउन उहाँको विद्रोह गर्दै खोस्न प्रयास गरेको थियो। परमेश्वरको विरुद्ध विद्रोहमा सैतान उत्रिँदा स्वर्ग मै महायुद्ध चर्किन गएको थियो।

परमेश्वर धिरजी र सहनशील हुनु भएर धेरै समयसम्म परमेश्वरप्रति लुशिफरको वैमनश्यतालाई साम्य पार्न खोज्नु भएको थियो। तर उसको विद्रोहले स्वर्गलाई उसले बिगारोस् वा भताभुंग गरेको परमेश्वर चाहनु भएन। "स्वर्गको सभासद्ले लुशिफरसँग आफ्नो विद्रोह त्यागन अनुरोध गरेको थियो। सृष्टिकर्ताको महानता, सर्वोच्चता, हित र न्याय, पवित्रतता र अपरिवर्तनीय दश आज्ञाको बारेमा परमेश्वरको पुत्रले लुशिफरको सामु प्रस्तुत गर्नुभएको थियो। स्वर्गको शासन व्यवस्था परमेश्वर आफैले स्थापना गर्नुभएको थियो। त्यस व्यवस्थाबाट अलगिन खोज्दा लुशिफरले उसको सृष्टिकर्ताको अपमान हुने र आफ्नै विनाश हुने स्थितिलाई पनि परमेश्वरको पुत्रले बुझाउन खोज्नु भएको थियो। तर परमेश्वरको असिम कृपा, प्रेम र अनुग्रह प्रकट गरिँदै उसले पाएको चेतावनीलाई उसले वास्ता गर्न चाहेनन् बरु उसको हृदयमा अहंकार, प्रतिरोध र विद्रोहको जलिरहेको भावनालाई उसले निभाउन चाहेनन्।"–एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४९४, ४९५।

***खराब तत्व वा दुष्टताको मामिलालाई साम्य पार्न परमेश्वरको कदमले उहाँको चरित्रको बारेमा हामी के पाठहरू सिक्न सक्छौं?***

## २. लुशिफरले धोखा पाउँछः ख्रीष्टको विजय कायमै हुन्छ

पहिला उल्लेख गरिएको थियो र फेरि पनि डोहोऱ्याएर उल्लेख गर्नु उचित छ कि आफ्नो सृष्टिकर्ताको विरुद्धमा सिद्ध र परिपक्व लुशिफरको हृदयमा अहङ्कार वा घमण्ड र डाहाको बिजारोपण किन गर्न दियो भन्ने व्याख्या तर्कयुक्त छैन। कुनै पनि मानवीय बुद्धिजिवीले दिमाग खेलाएर लुशिफरको कदमलाई व्याख्या गर्न सक्दैन। यथार्थमा भन्ने हो भने लुशिफर त्यो मनस्थितिमा पुग्न न त कुनै कारण थियो न त आवश्यक नै थियो। तर लुशिफर घमण्डले फुल्दै फुल्दै आखिरमा परमेश्वरको विरुद्धमा खुलेआम विद्रोह गरेर महान् तेजस्वी स्वर्गदूत सैतान बन्न पुग्यो। परमेश्वर अन्याय र अनुचित हुनुहुन्छ भनेर उसले आरोप लगायो। उसका शङ्का र आरोपहरूले स्वर्गदूतहरूको दिमागैमा कचिङ्गल ल्यायो।

**सैतानमा धोखा दिने सामर्थ्यको बारेमा प्रकाश १२ः४ले कसरी** प्रकट गर्दछ? **परमेश्वरको विरुद्धमा भ्रम वा झूट फैलाउँदा उसको धरापमा कति स्वर्गदूतहरू फसे? हेर्नुहोस्, "त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो।"**

जब येशू र सैतानको बिचमा स्वर्गमा महासंग्राम सुरु भयो तब कसको पक्ष लिने भनेर स्वर्गदूतहरूले निर्णय गर्नु परेको थियो। स्वर्गमा भएको युद्ध कस्तो खालको थियो? के त्यो पृथ्वीमा गरिने जस्तो भौतिक युद्ध थियो कि वैचारिक युद्ध वा दुवै? त्यसको विस्तृत विवरण हामीलाई थाहा छैन। तर त्यो युद्ध भौतिक युद्ध पनि हुन गएको थियो र जसको फलस्वरूप सैतान र उसका दूतहरूलाई स्वर्गबाट नै निष्काशन गरियो। स्वर्गमा तिनीहरूको निम्ति ठाउँ नै भएन। प्रकाश १२ः८,९ले यसरी स्पष्ट पार्दछ, "तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा सैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"अलौकिक स्वर्गदूतहरू वैचारिक वा अदृश्य आत्मा नभएर प्रत्यक्ष जिवहरू थिए। त्यसकारण, त्यो युद्ध अदृश्य हावादारी नभएर अलौकिक भौतिक थियो।

स्वर्गमा भएको युद्धको बारेमा एउटा कुरा निश्चित छ। प्रत्येक स्वर्गदूत, ख्रीष्टको पक्षमा उभिने कि विरुद्धमा जाने भन्ने आत्मनिर्णय वा विवेकको स्वतन्त्रता प्रयोग गर्न वाध्य भएको थियो। स्वर्गको उज्ज्वल वैभवशाली स्थानमा रहने की सैतानको अन्धकारको राज्यमा रहने? कसको

पछि लाग्ने? तिनीहरूले कसको आवाज सुन्ने वा पछि लाग्ने? बफादारी स्वर्गदूतहरू ख्रीष्टको प्रिय आदेशमा रहन निर्णय गरेका थिए भने एक तिहाइ स्वर्गदूतहरू लुशिफरको अफवाहमा लागे, उसकै आवाजलाई पत्यार गरेर उसको पछि लागेर पतित भए। लुशिफर र उसका दूतहरू परमेश्वरका आज्ञालाई लत्याए र स्वर्ग गुमाए। हामी पनि पृथ्वीको इतिहासको निर्णायक घडीमा छौं। हामी पनि ख्रीष्टको पक्षमा उभिने कि विपक्षमा उभिने, सो निर्णय गर्न आह्वान गरिएको छ। हामी ख्रीष्टको साथमा छौं कि सैतानको साथमा छौं भनेर खुलेआम घोषणा गर्नुपर्दछ।

**ख्रीष्ट र सैतानको बिचमा भइरहेको महासंग्राम वा मतभेदमा कुन मौलिक नीति प्रस्तुत गरेर हामीलाई सिकाउन खोजेको देहायका पदहरूले देखाउँदछ? हेर्नुहोस्, " परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।" उत्पत्ति २:१५-१७, " मोशाले देखे कि मानिसहरू त छाड़ा भइसकेका थिए, किनकि हारूनले तिनीहरूलाई छाड़ा हुन दिएका थिए, यतिसम्म कि तिनीहरू आफ्ना वैरीका सामुन्ने हाँसोको कारण बनेका थिए। तब मोशाले छाउनीको ढोकानेर उभिएर भने, "जो-जो परमप्रभुतर्फ छन्, तिनीहरू मकहाँ यता आऊन्।" अनि लेवीका सारा सन्तानचाहिँ तिनीकहाँ आएर भेला भए।" प्रस्थान ३२:२५-२६, "परमप्रभुको भय मान, र सारा विश्वस्ततासाथ उहाँको सेवा गर। तिमीहरूका पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि र मिश्रदेशमा पुजेका देवताहरूलाई फ्याँक, र परमप्रभुको सेवा गर। तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज– कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं।" यहोशू २४:१५, " यसैले आहाबले समस्त इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा भेला गराए। एलियाले मानिसहरूका अगि आएर भने, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ। तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ।" तर**

**मानिसहरूले केही भनेनन्।" १ राजा १८:२०,२१ र "पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्।" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्।" जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैंमा लिओस्।" प्रकाश २२:१७।**

जब परमेश्वरले मानव प्राणी सृष्टि गर्नुभयो तब हाम्रो भित्री मगजमा सोच्ने, तर्क गर्ने र निर्णय गर्ने दक्षता वा क्षमताको गुण वा अधिकारले सम्पन्न गराउनु भएको थियो। हाम्रो मानव जीवनको रस वा सार नै हामीमा भएको नैतिक निर्णयको क्षमता हो। हामी यान्त्रिक मानव होइनौं। हामी परमेश्वरको स्वरूपका सृष्टि भएकोले हामी उहाँका प्रतीक हौं। हामी पशु भन्दा विशेष फरक छौं। हामीमा नैतिक निर्णय गर्ने क्षमता छ र अनन्त जीवनको आत्मिक नीतिहरू अनुसार जिउन अधिकार दिइएको छ। स्वर्गमा लुशिफरले विद्रोह गरेपछि परमेश्वरले आफ्ना जनहरूलाई उहाँको प्रेममा रहन र उहाँका आज्ञाहरूलाई पालन गरेर उहाँको सेवा गर्न वा भक्त हुन आह्वान गरिरहनुभएको छ।

***हाम्रो व्यक्तिगत जीवनमा दुष्ट तथा खराब तत्त्वहरूसँ दिन दिनै संग्राम गरिरहेकाछौं। स्वर्गमा भएको युद्धबाट हामी के पाठहरू सिक्न सक्छौं? यदि सैतानले धर्मी र पवित्र जीवहरूलाई धोखा दिन सफल भएको थियो भने उसका खराब योजनाहरूले हामीलाई पनि धोखा दिन सक्ने रहेछ, त्यसबाट सजग रहन हामी के गर्नुपर्दछ?***

## ३. सारा पृथ्वी ग्रह नै महायुद्धमा समावेश हुन्छ

**जब परमेश्वरले पृथ्वीलाई सृष्टि गर्नुभयो तब पृथ्वी सिद्ध, निष्खोट र पूर्ण थियो। पृथ्वीको सृष्टि पछि बाइबलले स्पष्ट रूपमा बताउँछ "उहाँले बनाउनु भएको प्रत्येक थोक उहाँले हेर्नुभयो र त्यो साँच्चिक्कै धेरै राम्रो वा असल थियो" (उत्पत्ति १:३१)। पाप र खराब तत्वको दाग त्यहाँ कहीं पनि थिएन। तर परमेश्वरले लुशिफरलाई जस्तै आदम र हव्वालाई आत्मनिर्णय वा रोज्ने स्वतन्त्रता दिनुभएको थियो। उहाँले न त यस पृथ्वीमा न त स्वर्गमा यान्त्रिक मानव वा रोबोटहरू चाहनुभएको थियो। ती यान्त्रिक मानवहरू वैज्ञानिकहरूको इच्छा अनुसार प्रोग्राम गरेर निर्माण गर्छन् र पुतली जस्तै वैज्ञानिककै चाहना अनुसार चल्छन् र बोल्छन् पनि।**

**आत्मनिर्णय वा विवेकको स्वतन्त्रतालाई स्पष्टसँग बुझाउन परमेश्वरले आफूले नचाहेतापनि उपाय रच्नुभयो। उहाँले अदन बगैंचामा असल र ज्ञान दिने**

रूख रोप्नुभयो। त्यसको बारेमा उहाँले आदम र हव्वालाई स्पष्टसँग बुझाउनु भएको थियो। तिनीहरूको रोज्ने वा आत्मनिर्णय स्वतन्त्रताको बारेमा तिनीहरूले थाहा पाऊन् भनेर उहाँले चाहनुभएको थियो।

**सैतान रूखमा नै सर्पको रूपमा बेरिएर बस्यो। हव्वा घुम्दै त्यहाँ आइन्। सैतानले उनलाई भन्योः "तिमी मर्नेछैनौ वा तिमी अमर छौ। यसमा ढुक्क हुनु। जुन दिन तिमीले यस रूखको फल खान्छौं तिम्रा आँखाहरू उघारिनेछ। तिमी परमेश्वर जस्तै हुनेछौं। तिमीले असल र खराबको ज्ञान प्राप्त गर्नेछौ" (उत्पत्ति ३:४,५)। यदि तिमीले यस रूखको फल खायौ भने तिमी नयाँ अस्तित्वको तहमा पुग्नेछौ। तिमीमा नयाँ उत्साह, जोश र उमङ्ग हुनेछ। तिमी आनन्द र रोमाञ्चले रमाउनेछौ जुन पहिला कहिल्यै पनि अनुभव गरेका थिएनौ। हे हव्वा, परमेश्वरले तिमीबाट केही कुरा लकाइ राख्नुभएको छ। यो निषेधित फल खाउ।**

जब हव्वा र आदमले त्यो फल खान निर्णय गरे तब तिनीहरूले त्यो ढोका बन्द गरे जुन परमेश्वरले सदाको निम्ति बन्द गर्न चाहनुभएको थियो। त्यो पापमा पस्ने ढोका थियो। दुःख, कष्ट, बिमार, पीडा र मुटुको व्यथा र मृत्य जस्ता अवगुणहरूले मानिसलाई सताउन थालियो।

**देहायका पदहरूमा के साझा धारणा छ? सारा मानव प्राणीमा फैलिएको पापको महामारीले कस्तो रूप लिन थाल्यो भनेर ती पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं।"उत्पत्ति ३:१-३, "सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।" रोमी ३:२३ र "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ५:१२।**

पापको कोर वा मुल जड नै परमेश्वरको विरुद्धमा विद्रोह मच्चाउनु हो। पापले मानिसलाई परमेश्वरबाट अलग गराउँछ। परमेश्वर जीवनको स्रोत हुनुहुन्छ। उहाँबाट अलग हुनु नै मृत्युलाई अङ्गाल्नु हो। यसले मानव प्राणीलाई चिन्ता, फिक्री, रोग र बिमारहरू निम्त्याउँछ। हाम्रो पृथ्वी ग्रहमा

पापकै बिगिबिगीले गर्दा दुःख, कष्ट, आतङ्क, खराब तत्त्वहरूको ज्यादति भइरहेको छ। यसको अर्थ यो होइन कि प्रत्येक समय हामी कष्ट भोग्छौं, हामीले पाप गरेको कारणले हो। तर यस पृथ्वी ग्रहमा जन्मिने प्रत्येक प्राणी पापको महामारीले कुनै न कुनै तरिकाले असर पारिरहेको हुन्छ।

***आदम र हव्वाले अदनको बगैंचामा पाप गरेपछि परमेश्वरले तिनीहरूलाई के प्रतिज्ञा दिनुभयो जसले गर्दा तिनीहरूको नैराश्यता र दोषी मनस्थितिबाट राहत पाउन सकेका थिए? पापको समस्याको समाधानको निम्ति शताब्दीयौं पछि के उपायलाई औंल्याएको थियो? हेर्नहोस्, "तेरो र स्त्रीको बिचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बिचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"उत्पत्ति ३:१५, " ५ " 'जब कुनै मानिस त्यस्ता कुरामध्ये एउटामा दोषी ठहरिन्छ, तब आफूले गरेको पाप त्यसले स्वीकार गर्नुपर्छ। ६ त्यसले गरेको त्यस पापको दण्डको निम्ति परमप्रभुको सामु बगालबाट भेड़ा अथवा बाख्राकी पाठी पापबलि स्वरूप त्यसले ल्याउनुपर्छ। पूजाहारीले त्यसको पापको लागि प्रायश्चित गर्नेछन्।" लेबी ५:५-६ र "भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" यूहन्ना १:२९।***

## ४. प्रेमले बाटो पहिल्याउँछ

आदम र हव्वाले पाप गरे र तिनीहरूले सुन्दर बगैंचा घर अदनलाई छोड्नुपर्छ भनेर परमेश्वरले आदेश दिनुभयो। त्यसबेलादेखि दुःख,कष्ट, परिश्रम, पसिनामा तिनीहरू सहभागी हुनुपरेको थियो। के अब तिनीहरू दुःखै पाएर आशा बिना मर्ने नै पर्ने भयो त? के मानव जीवनको अस्तित्वको अन्त्य वा लक्ष्य मृत्यु नै हो त?

यस बिन्दुमा परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा दिनुभएको थियो जुन उत्पत्ति ३:१५ मा लेखिएको छः सैतानलाई सिधै हेरेर परमेश्वरले भन्नुभयोः "तिम्रो र स्त्रीको बिचमा म शत्रुता हाल्नेछु, र तिम्रो सन्तान र उनको सन्तानको बीचमा। उनले तिम्रो टाउको कुच्याउनेछ र उसको कुर्कुच्चा तिमीले डस्नेछौं।" त्यसको ठिक अर्थ आदम र हव्वाले पूर्ण रूपले नबुझ्न सक्छ, तर तिनीहरू आशा गर्न सकिन्छ भनेर तिनीहरूले थाहा पाएका थिए। स्त्रीको सन्तानबाट तिनीहरूलाई उद्धार गरिनेछ वा तिनीहरूलाई मुक्ति उपलब्ध गराइनेछ।

स्त्रीको सन्तान भन्दा येशू ख्रीष्टलाई औँल्याइएको थियो (गलाती ३:१६)। क्रूसमा सैतानले उहाँको कुर्कुच्चा डसेको थियो। तर येशूको पुनरुत्थान नै उहाँको विजय भएको हुनाले एक दिन सैतानको शिर उहाँले ध्वस्त पार्नुहुनेछ त्यो विजय जमानत भएको थियो। आदम र हव्वाले खोलेको दुःख, कष्ट, पीडा र मृत्युको ढोका सदाको निम्ति बन्द गरिनेछ।

**क्रूसमा ख्रीष्टको बलिदानको विशालता, व्यापकता र प्रचण्ड अर्थ के हो भनेर देहायका पदहरूले हामीलाई बताउँछ? हेर्नुहोस्, "हामी येशूलाई देख्तछौं। उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्।" हिब्रू २:९, "हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ।" गलाती ३:१३ र "हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" २ कोरन्थी ५:२१।**

तपाईं दुःख, कष्ट, सन्ताप, पीडा र परीक्षा परेको कतिपय समयमा के परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ त? यस मामिलामा तपाईं शङ्का गर्नु होला र आश्चर्यमा पर्नु होला। तर क्रूसमा हेर्नुहोस्; उहाँको शिरमा भएको काँडाको मुकुट हेर्नुहोस्, काँटी ठोकिएको उहाँका हात र पाउ हेर्नुहोस्। कलभरीको क्रूसमा येशूले पोखाउनु भएको प्रत्येक रगतको थोपाले परमेश्वरले तपाईंलाई भनिरहनुभएको छ, *म तिमीलाई प्रेम गर्छु। तिमी बिना म स्वर्गमा बस्न चाहँदिन। हो, तिमीले पाप गर्‍यौ; तिमी शत्रुको हातमा आफूलाई बेच्यौ; तिमी आफै अनन्त जीवनको निम्ति योग्य छैनौ। तर तिम्रो लागि मैले फिरोती तिरी सकेको छु। तिम्रो मोल मैले तिरीसकेको छु जब तिमीले क्रूसमा हेर्छौं तब मैले तिमीलाई प्रेम गरेको छु भन्ने कुरामा तिमीले कहिल्यै पनि शङ्का गर्नु पर्दैन।*

सारा मानव प्राणीले भोग्ने मुटुको व्यथा, नैराश्यता, पीडा, दुःख, कष्ट र सतावट यस संसारमा आउनुभएर येशूले भोग्नुभएको थियो भनेर बाइबलले बताउँदछ। हामीले जुन परीक्षा, प्रलोभन वा सैतानको जाल भोग्छौं त्यही ख्रीष्टले पनि सामना गर्नुभएको थियो भनेर बाइबलले प्रकट गर्दछ। नर्कका शक्ति र अधिकारहरूको विरुद्धमा येशूले विजय पाउनुभएको थियो। उहाँको

जीवन र क्रूसको मृत्युद्वारा उहाँले सैतानको पासोलाई जित्नुभएको थियो। हामी प्रत्येकको निम्ति उहाँले व्यक्तिगत रूपमै मृत्यु चाख्नुभएको थियो।

यसको बारेमा सोच्नुहोस्ः यस जगतब्रम्हाण्डलाई सृष्टि गर्नुहुने (यूहन्ना १ः३) येशू स्वर्गबाट ओर्लनुभयो। उहाँ यस पतित संसारमा आउनु मात्र भएन तर दुःखकष्ट पाउनुभयो जुन हामीले कहिल्यै पनि देख्न र महसुस गर्न सक्दैनौं (यशैया ५३ः१-५)। हामी प्रत्येकलाई प्रेम गर्नुभएकोले नै उहाँले त्यो कदम चाल्नुभएको थियो। आशामा रहन वा झुण्डिरहन यो भन्दा प्रभावकारी कारण अरू के होला?

***सैतानको आरोपलाई ख्रीष्टले क्रूसमा कसरी जवाफ दिनुभयो? असल र खराबको बिचमा भइरहेको महायुद्धको बारेमा हामीले पाएको आत्मज्ञानमा उहाँको मृत्युले के उपलब्धि हासिल  गर्नुभएको थियो?***

## ५. हाम्रा प्रधान पुजारी

हाम्रो निम्ति येशूले क्रूसमा के गर्नु भयो त्यसले गर्दा उहाँले स्वर्गमा हाम्रो निम्ति पहल गर्न सक्षम् हुन पुग्नुभएको थियो। पुनरुत्थान हुनु भएको हाम्रो प्रभु हाम्रो महान् प्रधान पूजारी हुनुहुन्छ। हामीलाई मुक्ति दिन र परमेश्वरको राज्यमा सदासदा रहन हामीलाई चाहिने सबै थोक उहाँले उपलब्ध गराउनुहुन्छ।

**जतातते परीक्षा, खराब तत्वमा आकर्षित हुने प्रलोभन, दुःख, कष्ट, पीडा, सन्ताप, रोगव्याधी, अशान्ति र मृत्युको चपेतामा रहेको यस पतित संसारमा हामी छौं। त्यसबाट जोगिएर बस्न देहायका पदहरूले हामीलाई कसरी आश्वासन उपलब्ध गराउँछ? हेर्नुहोस्, "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" हिब्रू ४:१४-१६, "१८ किनभने त्यो पहिलो आज्ञाचाहिँ कमजोर र बेकामको भएको हुनाले खारेज भएको छ, १९ (किनकि विधिविधान वा व्यवस्थाले केही कुरा सिद्ध तुल्याएन) र त्यसभन्दा अझ उत्तम आशा दिइएको छ, जसद्वारा हामी परमेश्वरको नजिक**

पुग्छौं। २० अनि योचाहिँ विनाशपथ भएको होइन। २१ अघि पूजाहारी हुनेहरूले त साँच्ची नै विनाशपथ पूजाहारीको पद लिएका थिए, तर उहाँचाहिँ शपथसहित पूजाहारी बन्नुभयो, र उहाँको विषयमा परमेश्वर भन्नुहुन्छ, "परमप्रभुले शपथ हाल्नुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, तिमी सधैंभरिको निम्ति पूजाहारी हौ'।"२२ यसैले येशूलाई उत्तम करारको जमानत बनाउँदछ। २३ अघिका पूजाहारीहरू धेरै संख्यामा थिए, किनकि मृत्युले तिनीहरूलाई कार्यमा लागिरहन दिँदैनथ्यो। २४ तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। २५ फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ। २६ किनकि यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ। २७ अरू प्रधान पूजाहारीहरूले जस्तै पहिले आफ्नै पापको निम्ति र त्यसपछि मानिसहरूका पापको निम्ति उहाँले दिनहुँ बलिदान चढ़ाइरहनुपर्दैन। आफैलाई अर्पण गरेर उहाँले यो काम सधैंको निम्ति एकै पल्टमा पूरा गरिदिनुभयो। २८ किनकि व्यवस्थाले दुर्बल मानिसहरूलाई प्रधान पूजाहारी नियुक्त गर्छ, तर सदासर्वदाको निम्ति सिद्ध तुल्याइनुभएको परमेश्वरका पुत्रलाई व्यवस्था भन्दा पछि आएको शपथको वचनले नियुक्त गर्छ।" हिब्रू ७:१८-२८।

माथिको पदले बताउँछ कि येशू सबै कुराहरूमा हामी जस्तै परीक्षित हुनुभयो वा हामीले सामना गर्ने सबै दुःख, कष्ट, लोभ, प्रलोभन परीक्षा आदिको सामना गर्नुभयो तर उहाँमा पाप नभएको हुनाले ती खराब तत्त्वहरूले उहाँलाई जित्न सकेनन् (हिब्रू ४:१५)। अनि यो थप्दछन्, "त्यसकारण उहाँकहाँ निडर भएर आऔं", त्यसको अर्थ "विश्वस्त र ढुक्क भएर उहाँको अनुग्रहको सिंहासनमा आऔं, ताकि हामी उहाँको कृपा तथा निगाहा पाऔं र हामीलाई आवश्यकता भएको समयमा उहाँबाट अनुग्रह पाऔं" (हिब्रू ४:१६)।

अत्यन्तै सरल तरिकाले भन्नुपर्दा, येशूले सारा जगत ब्रम्हाण्डको सामु हामीलाई उहाँको धार्मिकताको पोशाक ओडाएर प्रस्तुत गर्नुहुन्छ। उहाँको मृत्यु र रगतले हामी मुक्ति पाएका छौं भनेर उहाँले जिकिर गर्नुहुन्छ। हामी जे हुनुपर्दथ्यो उहाँ नै हुनुभएको थियो। विगतका पापहरूबाट ख्रीष्टमा हामी दोषी ठहर्दैनौं। हाम्रा सबै पाप, गल्ती, अपराध र दोषहरू येशूले उहाँको रगतले पखाली दिनुहुन्छ। उहाँको शक्तिशाली पहलले गर्दा हाम्रो जीवनमा सैतान र

पापको पकड तोडिएको हुन्छ। हामीलाई बाँध्ने सिक्रीहरू खोलेका छन्, र हामी स्वतन्त्र छौं।

**असल र खराब बिचको महायुद्धमा येशूको तिब्र चाहना के थियो? हेर्नुहोस्, "२० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४ "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो। २५ "धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्। २६ मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ। यूहन्ना १७:२०-२६।**

"जब महान् बलिदान सम्पन्न भयो तब ख्रीष्ट उच्च स्थानमा उक्लिनुभयो तर स्वर्गदूतहरूको बडाईं, उपासना, भक्ति र प्रशंसालाई जबसम्म पिताको सामु यो अनुरोध प्रस्तुत गर्नुभएन तबसम्म ग्रहण गर्नुभएको थिएनः "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।" यूहन्ना १७:२४।

अनि यो व्यक्त गर्नै नसकिने प्रेम र शक्ति पिताको सिंहासनबाट जवाफ आयोः "परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई नै पुजून्।"हिब्रू १:६। हाम्रा मानवताको पापको कुनै दाग पनि उहाँमा भएन। उहाँलाई गरेका अपमानहरूको अन्त्य भएको थियो। उहाँको बलि पूर्ण रूपले सम्पन्न भएको थियो। त्यस समय उहाँलाई अरू सबै नाउँहरूभन्दा सर्वोच्च नाउँ दिइएको थियो।" द ग्रेट कन्त्रोभर्सी, पृ. ५०१, ५०२। अरू सबै थोकहरूभन्दा हामी

उहाँसँग रहेको उहाँले चाहनुहुन्छ। यो नै उहाँको हृदयको चाहना हो। उहाँको मृत्यु र पहलको कारण नै उहाँले हामीलाई मुक्ति दिलाउन हो। के तपाईंको जीवनमा विशेष आवश्यकता केही छ? येशूलाई भन्नु होस्। जहाँ शोक, सन्ताप छ उहाँले तपाईंलाई शान्ति र सान्त्वना दिनुहुन्छ। जहाँ डर र त्रास छ उहाँले शान्ति ल्याउनुहुन्छ। जहाँ दोषी मनस्थितिले कोही पिरोलिएको छ भने उहाँले क्षमा दिनुहुन्छ। कोही कमजोर छ भने उहाँले बल दिनुहुन्छ।

***गहिरिएर सोच्नु होस्, हाम्रो निम्ति येशू किन बलि हुनुभयो? उहाँको सामु हामी किन बहुमूल्य हुन पुग्छौं?***

**उपसंहारः** "सैतानलाई स्वर्गबाट धपाएकोले परमेश्वरले आफ्नो न्याय र आफ्नो सिंहासनको स्थायीत्वलाई कायम गर्नुभएको थियो। तर जब सैतानको छलमा परेर मानिसले पाप गऱ्यो तब परमेश्वरले आफ्नो एक मात्र पुत्र दिनुभएर उहाँको प्रेमको प्रमाण दिनुभएको थियो। पतित मानव जातको निम्ति बलि हुन येशूलाई यस संसारमा पठाउनुभएको थियो। मानिसको निम्ति येशूलाई मर्न दिनुभएर परमेश्वरको चरित्रलाई प्रदर्शन गर्नुभएको थियो। लुशिफरले पक्रेको पाप बाटो गलत थियो र उसले परमेश्वरको राज्य शासनप्रति गरेको आरोपको कुनै आधार छैन। यो महान् विवाद क्रूसले समाधान गरेको थियो। सारा जगतब्रम्हाण्डको सामु परमेश्वर न्यायी र उचित हुनुहुन्छ भनेर क्रूसले प्रमाणित गरेको थियो।"-एलेन जी. ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५००,५०१।

"कलभरीको क्रूसले परमेश्वरका दश आज्ञाहरू अपरवर्तनीय, चिरस्थायी र नलचकिने भनेर घोषणा गरिएको थियो। पापको ज्याला मृत्यु हो भनेर सारा जगत ब्रम्हाण्डलाई प्रमाणित गरेर देखाइएको थियो। "अब सिद्धियो" भन्ने मुक्तिदाताको चित्कारले सैतानको मृत्युको घन्टी बजेको थियो। लामो समयसम्म भइरहेको परमेश्वर र सैतानको बिचमा भइरहेको महान् मतभेद वा महायुद्ध क्रूसले निर्णयात्मक भूमिका खेलेको थियो। अन्तमा खराब, पाप, दुष्ट सदाको निम्ति निर्मुल हुनेछ भनेर निश्चित भएको थियो। परमेश्वरको पुत्र चिहानका ढोकाहरूलाई उघारेर निस्कनु भएको थियो। उहाँको आफ्नो मृत्युले मृत्युको शक्ति हुने वा सैतानलाई नष्ट गर्नु भएको थियो। हिब्रू २:१४।" एलेन जी. ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५०३।

**चिन्तनमननः**

अ. लुशिफरले विद्रोह गर्नेछ भनेर परमेश्वरलाई थाहा थियो भने उहाँले उसलाई सुरुमै किन आत्मनिर्णयको अधिकार दिनुभयो? वा लुशिफरले विद्रोह गरेपछि परमेश्वरले उसलाई तुरन्तै किन नष्ट गर्नुभएन? यदि लुशिफरलाई तुरन्तै नष्ट गरेको भए पतित नभएका जगत ब्रम्हाण्डका जीवहरूको प्रतिक्रिया कस्तो हुने थियो होला? परमेश्वर र सैतानको बीचमा भइरहेको महाविवादीय युद्धमा मुक्तिको अवधारणाको महत्त्वलाई (१ पत्रुस १:१२, प्रकाश ५:१३, प्रकाश १६:७) बुझ्न ती पतित नभएका जीवहरूले किन चासो राख्थे होला?

आ. क्रूसमा ख्रीष्टको मृत्युका के कारणहरू तपाईंले सोच्न सक्नुहुन्छ? के यो परमेश्वरको चरित्रलाई प्रकट गर्न मात्र हो र? के पापको मोल तिर्न मात्रै थियो? यदि थियो भने त्यो जमानत मोल कसलाई तिरेको थियो? यस विषयमा बाइबलका धारणाहरू के छन्?

इ. जब हामी "महान् विवाद, महायुद्ध, भिषण मतभेद" जस्ता शब्द प्रयोग गर्छौं त्यसको अर्थ के हो? यस अध्यायमा उल्लेखित त्यस विषयको बारेमा सोच्नुहोस् र तपाईंकै जीवनमा त्यो कसरी लागु हुनसक्छ?

ई. महायुद्ध, महाद्वन्द्व, महान् विवाद वा भिषण मतभेदको वास्तविकतालाई प्रकट गर्ने बाइबलका पदहरू सोच्नुहोस्, जस्तै अय्यूब १,२, एफिसी ६:१२ आदि।

उ. संसारका इसाईहरू सम्प्रदायहरूमा सेभेन्थ-डे एडभेन्टिस्टको बुझाइ किन विशेष फरक छ? परमेश्वर र सैतानको बीचमा भइरहेको महायुद्धको विषयवस्तुले गर्दा सम्पूर्ण इसाईहरूले एडभेन्टिस्टहरूलाई किन अलग राखिन्छ?

## कथा १
## ज्वालामुखी, आगो, र कोभिड १९

अफ्रिका र स्पेन देशहरूको परिसरमा रहेको स्वतन्त्र सुन्दर टापु केनरी टापुमा करिब २५ लाख जनसंख्या छन्। त्यहाँ मिशिनेरी वा सुसमाचार प्रचार गर्न क्युबा देशको मिसाएल डेलगाडो रोड्रिगे गएका थिए। त्यहाँ उनले धेरै चुनौतीहरूको सामना गर्नुपरेका थियो। पहिलो साबथमा केवल पाँच जना मानिसहरू मात्र सेवासङ्गति गर्न आएका थिए।

मिसाएलले सुसमाचार प्रचार गर्न सरिक हुन थाले। उनी केनरी टापुको ला पाल्मा टापुमा काम गर्न गएका थिए। त्यहाँ चर्चका पुराना सदस्य र अरूहरूकहाँ भेटघाट गर्न गए। तिनीहरूसँग घरेलु सङ्गति गर्न थाले। एक महिना पछि एक जनाले प्रभुलाई विश्वास गरेर बप्तिस्मा लिएकोले उनी धेरै हर्षित भए। तर कोभिड-१९को आक्रमणले उनको काम रोकियो। त्यसबेला उनले धेरै समस्याहरूको सामना गर्नुपऱ्यो। त्यस टापुको उत्तरी भागमा आगलागीले गर्दा चर्चका केही सदस्यहरू घरबारविहिन भए। अनि दक्षिण भागमा पनि आगलागी भयो, त्यति मात्र नभएर ८५ दिनसम्म ज्वालामुखी फुटिनै रह्यो। त्यहाँका बासिन्दाहरूले भूकम्प, बिषाधी ग्याँस र खरानीहरूसँग लड्नुपऱ्यो। चर्चका दुई परिवारहरूले सबै थोक गुमाए।

यस्तो समस्याको आँधीबेरीमा केही अचम्मको कुरो भयो। परमेश्वरमाथि विश्वास पल्हाउन थाल्यो। मिसाएल आएको तीन वर्षपछि ४५ जना मानिसहरू साबथ दिनमा नियमित रूपमा चर्चमा आराधना गर्न थालेका थिए। सात जनाले बप्तिस्मा लिए र थप पाँच जना बप्तिस्माको निम्ति तयार भएका थिए भने १५ जनाले बाइबल अध्ययन गर्न थालेका थिए। यो सबै कसरी भयो त?

यो सबै मिसाएलको अन्तरविन्तिको परिणाम थियो। उनले भने, "हामी दिन दिनै बिहान ७ बजे, २ बजे, र ९बजे प्रार्थना गर्छौं। प्रत्येक विश्वासीले पाँच जनाको निम्ति प्रार्थना गर्छन्।"

सुसमाचार प्रचार गर्ने काममा चर्चको प्रत्येक विभाग जुटेको थियो। स्पानिश युनियन अभ चर्चेज कन्फरेन्सको एक जना विश्वासीलाई यो जानकारी भएको थियो। चर्चका सदस्यहरूले फोनबाट मानिसहरूलाई सम्पर्क गर्थे, एलेन जी. ह्वाइटको स्टेप्स टु क्राइष्ट र बाइबल अध्ययनको निम्ति सम्पर्क गर्दथे। अर्को सुसमाचार प्रचारको योजनमा शैक्षिक कोर्सहरू जुन चर्चको

फेसबुकमा राखेका थिए। परिवार, युवा र बालबालिकाहरूलाई लक्षित गरेर कार्यक्रम चलाइएको थियो। एडभेन्टिस्ट युवाहरूले सडकमा सङ्गीत कार्यक्रम गरेर सुसमाचार प्रचार गर्दथे। तिनीहरू बिरामी र आवश्यकता परेकाहरूकहाँ भेटघाट गर्न जान्थे। आड्राले गरेको कार्यक्रम छापेका कार्डहरू चर्चका सदस्यहरूले बजारमा वितरण गर्थे। बजारमा खाना वितरण गर्ने, स्वास्थ्य कार्यक्रमहरू, बाइबल अध्ययन, द डिजाएर अभ एजेज र अरू पुस्तकहरू दिने जानकारी ती कार्डहरूमा हुन्थे। आमाको दिन जस्तै छुट्टीका दिनहरूमा चर्चका सदस्यहरूले विशेष कार्ड प्रत्येक पुस्तकमा राखेर बितरण गर्थे।

सर्बसाधारण विश्वासीहरूको निम्ति चर्चले चेला बनाउने स्कूल खडा गरेका थिए। त्यहाँ सुसमाचार प्रचार गर्ने कलाहरू सिकाइन्थ्यो। चार समूहरू नियमित रूपमा घरघरमा सङ्गति गर्दथे।

साथी बनाएर सुसमाचार प्रचार गर्नु प्रभावाकारी भएको थियो भनेर मिसाएलले बताउँदछन्। भूकम्प गएको बेलामा हाम्रा चर्चका सदस्यहरूले दुई महिनासम्म मास्कहरू बितरण गरेका थिए साथै ज्वालामुखी फुटेको बेलामा स्वस्थ रहने जानकारीहरू पनि वितरण गरेका थिए। "यसले गर्दा मेरो चर्च प्रख्यात भयो," भनेर मिसाएलले बताए। बाइबल अध्ययन गरिरहने १५ जनामा भूकम्पले गर्दा धेरैले सबै थोक गुमाउनु परेको थियो। त्यस बिपदमा तिनीहरूलाई परमेश्वरतिर धकेलेको भनेर तिनीहरूले स्वीकारे। "नत्र भने तिनीहरू परमेश्वरको बारेमा सिक्न चासो देखाएका थिएनन्," उनले थपे।

अहिले मिसाएल क्यानरी टापुहरूमा भएको अनुभव आनन्दित भएर याद गर्दै भने, "सुरुमा धेरै मुश्किल थियो। हामी सबैले त्यसबाट पार गऱ्यौं। त्यसका नतिजाहरू संतुष्ट थियो। परमेश्वरले हामीलाई कसरी आशिष दिनुभयो सो हामीले देख्न पाएका छौं।"

-आन्ड्रयु मेकचेस्नी